# प्रदेश मार्फत संचालन हुने कार्यक्रमको लागि निर्देशिका

## आ.व. २०७६/०७७

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु काठमाडौं

## परिचय

नेपालमा एचआईभी केन्द्रिकृत महामारीको रुपमा रहेको छ। ८० प्रतिशत भन्दा वढी एचआईभीको संक्रमण महिला-पुरुष विच हुने असुरक्षित यौन सम्पर्कको माध्यमवाट  भएको पाईएको छ। सूईद्वारा  लागू पदार्थ लिनेहरु, यौनकर्मी पुरुष  तथा महिलाहरु र उनीहरुका ग्राहकहरु, पुरुष समलिंगीहरु तथा तेस्रो लिंगीहरु, आप्रवासी कामदारहरु र कैदीबन्दीहरुलाई एचआईभी संक्रमणको उच्च जोखिममा रहेको समूह मानिन्छ। डिसेम्बर २०१८ को अन्त्य सम्ममा १६,९१३ जना एचआईभी संक्रमितहरुले एआरटी सेवा लिईरहेका छन्। नेपालमा २९,८७८ (सन् २०१८) जनामा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ, जसमा महिलाको तुलनामा पुरुषको संख्या वढी भएको पाइएको छ। नेपालको वयस्कहरुमा एचआईभी प्रिभिलेन्स ०.१४ प्रतिशत (सन् २०१८) रहेको छ। राष्ट्रिय एडस् तथा यौनरोग नियन्त्रण केन्द्रको अगुवाईमा हाल नेपालमा एचआईभीसंग सम्वन्धित सेवाहरु जस्तैः एचआईभी परामर्श तथा परिक्षण, पिएमटिसीटी, उच्च जोखिममा रहेका लक्षित समूहमा एचआईभी रोकथाम कार्यक्रम जस्तै मौखिक प्रतिस्थापन विधि बाट गरिने उपचार (ओ एस टि),  एचआईभीको उपचार, हेरचाह तथा सहयोग र यौनरोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम ७७ वटा जिल्लाहरुमा अवस्थित विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत प्रदान गरिदै आएको छ।

**लक्ष्य**

एचआईभी रोकथाम, उपचार, हेरचाह र सहयोगमा सर्वव्यापी पहुँच पुर्याउने।

**मूख्य उदेश्य**

कुल अनुमानित एचआईभी संक्रमितको ९० प्रतिशतमा एचआईभीको अवस्था पहिचान गर्ने।

एचआईभी निदान भएका मध्ये ९० प्रतिशत व्यक्तिहरूलाई उपचारमा ल्याउने।

एचआईभीको उपचारमा रहेका मध्ये ९० प्रतिशत व्यक्तिहरूमा भाइरसको भार न्यूनीकरण गर्ने (<१००० कपि/मि.लि.)।

आमाबाट बच्चामा हुने सङ्क्रमणको उन्मूलन गर्ने र आमाहरूलाई जीवित तथा स्वस्थ राख्ने।

जन्मजात सिफिलिस (Congenital Syphilis) उन्मूलन गर्ने।

सन् २०१० को तुलनामा सन् २०२० सम्ममा नयाँ एचआईभी सङ्क्रमणमा ७५ प्रतिशतले कमी ल्याउने।

सन् २०२० सम्ममा शून्य भेदभावको लक्ष्य हासिल हुनेछ

***<u>मुख्य क्रियाकलापहरु</u>***

एचआईभीको राष्ट्रिय रणनीति २०१६-२०२१ अनुरुप कार्यहरु गर्न सहजिकरण गर्ने।

एचआईभीसंग सम्वन्धित सर्वेक्षण, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र वकालतमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

प्रदेश र स्थानियतहसम्म एचआईभी तथा यौनरोग रोकथाम तथा नियन्त्रण, उपचार, हेरचाह तथा स्याहार कार्यक्रमहरु सुनिश्चित गर्ने ।

अन्तराष्ट्रियस्तरमा गरिएको प्रतिवद्धता अनुरुप आवश्यक प्रतिवेदनहरुको तयारीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

एचआईभी तथा यौनरोगसंग सम्वन्धित सेवाहरुलाई उच्च गुणस्तरीय बनाउन र सेवाहरुमा एकरुपता ल्याउन राष्ट्रिय निर्देशिका तथा प्रदेश र स्थानीय तहको कार्यसंचालन विधिहरु बनाउने ।

**१. कार्यक्रमको नामः सेवा प्रदायकहरुको लागि पिएमटिसिटी तालिम (११५)**

| | |
|---|---|
| परिचय | गभर्वती महिलाहरूले पूर्व प्रसुती गर्भजांच गराउदा एचआइभीको पनि जांच गर्नु पर्दछ । यसरी एचआइभी जांच गर्दा संक्रमित देखिएमा निज महिलालाई एआरटी उपचारमा राखेमा निजवाट जन्मिने वच्चामा एचआइभी संक्रमण रोक्न सकिन्छ । |
| उद्देश्य | स्वास्थ्य संस्थाका सेवाप्रदायकहरुलाई गुणस्तरीय PMTCT सेवा दिन सक्षम बनाउने । |
| अपेक्षित प्रतिफल | प्रदेश अन्तर्गत रहेका तालिम नपाएका स्वास्थ्यकर्मीले यो तालिम पाएका हुनेछन् । |
| सन्चालन प्रक्रिया | सेवाप्रदायकहरुलाई दुई दिनको तालिम प्रदेश स्तरमा व्यवस्था गरिएको छ । तालिम राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र संग समन्वय गरी सम्बन्धित प्रदेश स्वास्थ्य निर्देशनालय वा प्रदेश तालिम केन्द्रले संचालन गर्नु पर्नेछ । |
| बजेट वाँडफाँड / श्रोत | वजेटको परिधिभित्र रही तालिमको सहभागीहरू र पटक निर्धारण गर्नु पर्नेछ । यो कार्यक्रम ससर्त अनुदानतर्फ रहेको छ । |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५, पिएमटिसिटी तालिम पुस्तिका २०७४ आदि । |

## २. केन्द्र अफ एक्सेलेन्सको लागि मे.अ.को तलब रेफरल तथा जाँच खर्च (सेती अंचल अस्पतालको लागि)

**कार्यक्रमको नामः केन्द्र अफ एक्सेलेन्सको लागि मे.अ. को तलव**

| | |
|---|---|
| परिचय | सेती अंचल अस्पतालमा एचआइभीं र एड्स सम्बन्धि कम्प्रीहेन्सीभ सेवालाई नमुनाको रुपमा विकास गरि यो अस्पताललाई एचआइभीं सम्बन्धि उदाहरणीय सिकाई केन्द्रको रुपमा विकाश गर्ने अवधारणा राखि सुदूरपश्चिम प्रदेशमा सेती अंचल अस्पताललाई एचआईभी को केन्द्र अफ एक्सेलेन्स बनाइएको छ। |
| उद्देश्य | गुणस्तिरय एचआइभी सेवा दिनु। |
| अपेक्षित प्रतिफल | विभिन्न स्थानवाट आएका संक्रमितहरूले गुणस्तरीय एचआइभी सेवा पाएका हुनेछन। |
| सन्चालन प्रक्रिया | एकजना चिकित्सक करार सेवामा नियुक्त गर्नु पर्नेछ। कर्मचारी नियुक्ति गर्दा नेपाल सरकारको नियमानुसार गर्नु पर्नेछ। यस वापतको रकम सुदुर पश्चिम प्रदेशले सेती अंचल अस्पताल लाई पठाउनु पर्ने छ। **प्रदेश अन्तर्गत रहेको केन्द्र अफ एक्सेलेन्सको साइट को लागि अनुसूची-१ हेनुपर्ने छ।** |
| बजेट वाँडफाँड ।श्रोत | १२ महिनाको तलव साथै एक महिनाको तलव वरावर चाडपर्व खर्च विनियोजन गरिएको छ। मेडिकलअफिसर को लागि मासिक रु. ४२,०००/- हुने गरि जम्मा रु. ५,४६,०००/- बजेट को व्यवस्था गरिएको छ । यो कार्यक्रम ससर्त अनुदानतर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

**कार्यक्रमको नामः केन्द्र अफ एक्सेलेन्समा PLHIV का लागि रेफरल तथा जाँच खर्च**

| | |
|---|---|
| परिचय | एचआईभी संक्रमितहरुमा अवसरबादी संक्रमणको निदान तथा उपचार व्यवस्थाको लागि गरिने टेष्टहरु जस्तै सीटीस्क्यान, रेडियोलोजी आदिको लागि केन्द्र अफ एक्सेलेन्स साईट (सेती अन्चल अस्पताल, धनगढी) मा पठाउन र आवश्यक भएमा तहाँबाट अन्यत्र पठाउनका लागि रेफरल तथा जाँच खर्चको व्यवस्था गरिएको छ। |
| उद्देश्य | केन्द्र अफ एक्सेलेन्स साईटवाट अवसरवादी रोगको संक्रमणको निदान तथा उपचार व्यवस्थाको लागि गरिने टेष्टहरु जस्तै सीटीस्क्यान, रेडियोलोजी आदि निशुल्क गर्ने। |
| अपेक्षित प्रतिफल | एचआइभी संक्रमितमा अवसरबादी संक्रमणको निदान तथा उपचार हुनेछ। |
| सन्चालन प्रक्रिया | यो रकम केन्द्र अफ एक्सेलेन्स साईटहरुमा पठाईने छ। रेफरल तथा जाँच खर्चका लागि वार्षिक रु.४,५०,०००/- विनियोजन गरिएको छ र विनियोजित बजेट नेपाल सरकारको नियमाअनुसार खर्च गर्नु पर्नेछ । |
| बजेट वाँडफाँड ।श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |

| | |
|---|---|
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

**३. कार्यक्रमको नामः सेती अस्पतालमा रहेका ल्याबटेकनोलोजिस्ट को लागि तलब**

| | |
|---|---|
| परिचय | एचआइभी संक्रमितको विभिन्न परिक्षण जस्तै: सिडिफोर जांच र भाइरललोडको जांच नियमित रुपमा गर्न दक्ष कर्मचारी करारमा राख्न आवश्यक देखिन्छ। |
| उद्वेश्य | संक्रमितको भाइरललोड टेस्ट लगायत विभिन्न परिक्षण गर्नका लागि कर्मचारी करार मा राख्ने। |
| अपेक्षित प्रतिफल | एचआइभी संक्रमितको विभिन्न परिक्षण भएको हुनेछ। |
| सन्चालन प्रक्रिया | सेती अञ्चल अस्पतालको लागि मेडिकल टेक्नोलोजिस्ट एक जना को तलबको लागी यो रकमको व्यवस्था गरिएको छ। यस वापतको रकम सुदुर पश्चिम प्रदेशले सेती अंचल अस्पताल लाई पठाउनु पर्ने छ। कर्मचारी नियुक्त गर्दा नेपाल सरकारको नियमानुसार नियुक्त गर्नु पर्नेछ। |
| बजेट वाँडफाँड।श्रोत | उक्त कर्माचारीको लागि मासिक रु. ३८,०००/- को दरले जम्मा ४,९४,०००/- बजेटको व्यवस्था गरिएको छ। कर्मचारीको तलव १२ महिना र एक महिना वरावर चाडवाड खर्चको समेत ब्यवस्था गरिएको छ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कर्मचारी छनोट गर्नुपर्नेछ। |

४. **ओ एस टी साईट मा रहेका कर्मचारी को तलव, ओएसटि साइट संचालन खर्च**

**कार्यक्रमको नामः ओएसटी साईटका कर्मचारीको लागि तलव**

| | |
|---|---|
| परिचय | नेपालमा सुईद्वारा लागू पदार्थ प्रयोगकर्तामा एचआइभी संक्रमण अरु सामान्य मानिसहरुमा भन्दा बढि पाईएको छ। उनीहरु अरु सामान्य मानिसहरु भन्दा एचआइभी संक्रमणको बढि जोखिममा छन्। यही कुरा लाई मध्य नजर गरी लागु औषध प्रयोगकर्ताहरुमा सुइ सिरिन्जको प्रयोगलाई निरुत्साहित गरि उनीहरुलाई एचआइभी संक्रमणबाट बचाउनको लागि नेपाल सरकार स्वास्थ्य तथा जन संख्या मंत्रालय राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले गृह मन्त्रालयको समन्वयमा मौखिक पूनसर्थापना उपचार ओएसटी कार्यक्रमलाई प्राथमिकतामा राखि संचालन गर्दै आएको छ। |
| उद्वेश्य | गुणस्तरीय ओएसटी सेवा प्रदान गर्ने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | सूइवाट लागू  पदार्थ प्रयोगकर्ताको संख्या कम भइ एचआईभी को संक्रमणमा कमि आउनेछ। |
| सन्चालन प्रक्रिया | ओएसटी कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न यस केन्द्रबाट ओएसटी सेवा संचालन गर्ने र गराउनको लागि एक जना Medical officer दुई जना Staff Nurse/HA एक जना Admin/Logistic र एक जना Security Guard जनशक्तीको व्यवस्था गरिएको छ। कर्मचारी नियुक्ति गर्दा नेपाल सरकारको नियमानुसार गर्नु पर्नेछ। प्रदेशले आफु अन्तर्गत रहेको ओएसटी साइटका लागि यो रकम पठाउनु पर्नेछ। |
| बजेट वाँडफाँड /श्रोत | मासिक तलव रु.४२,०००/- मेडिकल अफिसरका लागि, रु.२३,५००/- स्टाफ नर्सको लागि, रु.२३,५००/- प्रशासन कोलागि र रु.१५,०००/- गार्डको लागि बिनियोजन गरिएको छ। प्रति साइट कर्मचारीका लागि यस कार्यक्रममा रू. १६,५७,५००/- को व्यवस्था गरिएको छ। सबै कर्मचारीहरु १२ महिनाको तलब को साथै एक महिना तलब बराबर चाड पर्व भत्ताको लागि रकम बिनियोजन गरिएको छ। **प्रदेश अन्तर्गत रहेको  ओएसटी साइट हरु को लागि अनुसूची-१ हेर्नुपर्नेछ।** यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

**कार्यक्रमको नामः  ओएसटी साईट संचालन खर्च**

| | |
|---|---|
| परिचय | मेथाडोन वा ब्युप्रेनर्फिन सेवन गरिरहेका लागू पदार्थ प्रयोगकर्ताहरुका लागि सेवामा पहूँच पुर्याउन स्थापना गरिएका ओएसटि साईटको दैनिक कार्य संचालनको लागि बजेट बिनियोजन गरिएको छ। उल्लेखित खर्च शीर्षकमा नबढ्ने गरी आबश्यकता अनुसार नेपाल सरकारको नियमानुसार खर्च गर्न पाइने छ। |
| उद्वेश्य | गुणस्तरीय  ओएसटी सेवा प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | लागु औषध प्रयोगकर्ताले सहज रुपमा ओएसटि सेवा लिनेछ। |
| सन्चालन प्रक्रिया | ओएसटि साइट संचालन खर्च शिर्षक अन्तर्गत वजेटको परिधि भित्र रही मेथाडोन वा ब्युप्रेनर्फिन सेवन गरिरहेका लागू पदार्थ प्रयोगकर्तालागि सेवामा पहूँच वढाउन, पानी, पानी खाने प्लास्टिक कप,मर्मतसम्भार, संचार, स्टेशनरी, ईन्टरनेट र बत्ती आदि को लागि खर्च गर्नुपर्नेछ। प्रदेश अन्तर्गतका ओएसटी साइटका लागि प्रदेशले यो वजेट पठाउनु पर्नेछ। |
| बजेट वाँडफाँड / श्रोत | प्रति ओएसटी साईट संचालन खर्चको लागि  रू. १,९९,५००/-  बजेटको व्यवस्था गरिएको छ।  यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५ |

## ५. ए आर टि काउन्सेलर तलब,ए आर टि संचालन खर्च (कार्यालय मसलन्द सामान खर्च), एआरटी कमिटीका लागि चौमासिक बैठक

**कार्यक्रमको नामः एआरटी काउन्सेलरको लागि तलव**

| | |
|---|---|
| परिचय | एआरटी केन्द्रमा बिरामीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न तोकिएको एआरटी केन्द्रमा करार सेवाको एकजना काउन्सेलरको व्यवस्था गरिएको छ । उक्त सेवा करार नियमानुसार सम्बन्धित स्वास्थ्य संस्थामा हाल कार्यरतलाई प्राथमिकता दिई नियुक्ति गर्न सकिने छ। |
| उद्बेश्य | एआरटी केन्द्रमा बिरामीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न कर्मचारीलाई करारमा नियुक्त गर्ने। |
| अपेक्षित प्रतिफल | एचआइभी संक्रिमतहरूलाई निशुल्क एआरटी सेवा दिइएको हुनेछ। |
| सन्चालन प्रक्रिया | कर्मचारी नियुक्ति गर्दा नेपाल सरकारको नियमानुसार गर्नु पर्नेछ। **प्रदेश अन्तर्गत रहेको ए आर टि साइट हरु को लागि अनुसूची-१ हेनुपर्ने छ** |
| बजेट वाँडफाँड / श्रोत | काउन्सेलरको १२ महिनाको तलव तथा एक महिनाको तलव वरावर चाडवाड खर्च समेत समावेश गरी मासिक तलव नेपाल सरकारको नियमानुसार रकम विनियोजित गरिएको छ । प्रति एआरटी काउन्सेलर २३,५००/- प्रति महिनाका दरले प्रदेश अन्तर्गत का सवै एआरटी साइटमा रकम पठाउनु पर्नेछ प्रति एआरटी काउन्सेलरका लागि वार्षिक रू.३,०५,५००/- बिनियोजन गरिएको छ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

**कार्यक्रमको नामः ए.आर.टि साइट संचालन खर्च**

| | |
|---|---|
| परिचय | एआरटि केन्द्रको सेवालाई नियमित र प्रभावकारी रुपमा संचालन गर्न यो वजेटको व्यवस्था गरिएको छ । यसवाट एआरटि केन्द्रमा आवश्यक पर्ने कार्यालय संचालन स्टेशनरी, मर्मत,संचार आदिका लागि वजेटको व्यवस्था गरिएको छ। |
| उद्बेश्य | एआरटी केन्द्रमा एआरटी सेवन गरिरहेका बिरामीहरुलाई सहजरुपमा गुणस्तरीय सेवा प्रदान गर्ने |
| अपेक्षित प्रतिफल | एआरटी केन्द्रमा आवश्यक पर्ने सामाग्रीको खरिद भएको हुनेछ। |
| सन्चालन प्रक्रिया | एआरटि केन्द्रमा आवश्यक पर्ने कार्यालय संचालन स्टेशनरी, मर्मत, संचार तथा इन्टरनेट सेवा आदिका लागि वजेटको व्यवस्था गरिएको छ। सम्बन्धित प्रदेशले अनुसुची-१ मा रहेको आफु मातहतका केन्द्रहरुमा यो वजेट पठाउनु पर्दछ। |
| बजेट वाँडफाँड ।श्रोत | प्रति एआरटि केन्द्र संचालन का निमित्त वार्षिक रु.५०,०००/-बजेट विनियोजन गरिएको छ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५ |

**कार्यक्रमको नामः   एआरटी कमिटीका लागि चौमासिक बैठक**

| | |
|---|---|
| परिचय | एआरटी  केन्द्रको सेवालाई नियमित र प्रभावकारी रुपमा संचालन गर्न यो वजेटको व्यवस्था गरिएको छ। यसवाट एआरटी  केन्द्रको वारेमा विभिन्न सरोकारवलाहरु संग चौमासिक वैठक बसी सेवा अझ प्रवाभकारी वनाउनका लागि यो वैठकको आयोजना गरिने छ। |
| उद्देश्य | कार्यक्रम संचालनमा आइ परेका समस्या समाधान गर्नका लागि यो वैठकको आयोजना गर्ने। |
| अपेक्षित प्रतिफल | कार्यक्रम संचालनमा देखिएका समस्याहरूको समाधान हुनेछ। |
| सन्चालन प्रक्रिया | यो रकम खाजा वापत खर्च गर्नुपर्ने र विनियोजित बजेट नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ। यस वापतको रकम प्रदेशले आफु मातहतका एआरटी केन्द्रमा पठाउनु पर्नेछ। |
| बजेट वाँडफाँड।श्रोत | रु. ४,०००/- प्रति बैठक गरि जम्मा  रु. १२,०००/- वजेट विनियोजन गरिएको छ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५,  एआरटी केन्द्र व्यवस्थापन समिति बैठक संचालन निर्देशिका |

**६. कार्यक्रमको नामः   ल्याव कर्मचारीहरुका लागि एचआईभि र एसटिआई निदान तालिम**

| | |
|---|---|
| परिचय | अझै पनि देशका विभिन्न स्थानमा रहेका ल्यावमा काम गर्ने स्वास्थ्यकर्मीहरूले एचआइभी परिक्षाण र एसटिआईको तालिम नपाएको अवस्था रहेको छ। |
| उद्देश्य | गुणस्तरिय एचआइभी  र एसटिआईको परिक्षणका लागि तालिमको आयोजना गर्ने |
| अपेक्षित प्रतिफल | गुणस्तरिय एचआइभी  र एसटिआईको परिक्षण भएको हुनेछ। |
| सन्चालन प्रक्रिया | ल्यावका कर्मचारीहरुलाई एचआईभि र एसटिआई परिक्षण गर्न सक्षम बनाउने उद्वेश्यले राखिएको यो तालिम ३ दिनको हुनेछ र तालिम राष्ट्रिय स्तरमा विद्यमान तालिम प्याकेज ( नेपाल सरकारको नियमानुसार अनुसार) प्रयोग गरि वजेटको परिधिभित्र रही संचालन  गरिने छ। यो कार्यक्रम प्रदेश स्थित तालिम केन्द्र वा निर्देशनालय मार्फत रास्ट्रिय जनस्वास्थ्य प्रयोगशाला संग समन्वय गरि गर्नुपर्ने छ। |
| बजेट वाँडफाँड / श्रोत | यस कार्यक्रममा  प्रदेश २ ,३ र गण्डकी प्रदेश का लागि बजेट बिनियोजन गरिएको छ।  यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५ |

**७. कार्यक्रमको नामः प्रदेश स्तरिय एच आई भी  डाटा रिभ्यु र भेरिफिकेसन वर्कसप (१३१)**

| | |
|---|---|
| परिचय | एचआइभी सम्बन्धित तथ्यांकहरुको गुणस्तर बढाउन प्रदेश स्तरिय डाटा रिभ्यु र भेरिफिकेसन वर्कसप अवश्यक रहेको छ। |
| उद्देश्य | प्रदेश अन्तर्गत रहेका संस्थाहरूले एचआइभीको क्षेत्रमा गरेको प्रगति विवरण थाहा पाउन र यदि लक्ष्य अनुसार प्रगति नभएको भए प्रगति कम हुनका कारण पत्ता लगाइ उक्त समस्या हटाउने समाधानको उपाय पत्ता लगाउने। |
| अपेक्षित प्रतिफल | प्रदेश भित्र एचआइभीको प्रगतिको अवस्था थाहा हुनेछ। |
| सन्चालन प्रक्रिया | यो कार्यक्रम प्रदेशले राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र संग समन्वय गरी संचालन गर्नु पर्नेछ। यस कार्यक्रम अन्तर्गत प्रदेशमा रहेका एचआइभीको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाको प्रगति संकलन गरिने छ। स्थानिय निकायको संख्या अनुसार एचआइभीको संकलन भएको तथ्यांकलाइ सुदृढिकरण गर्नका लागि यो कार्यक्रमको आयोजना गरिने छ, यो कार्यक्रमको अवधि ३ दिन हुनेछ। |
| बजेट वाँडफाँड / श्रोत | नेपाल सरकारको नियमानुसार स्वीकृत वजेटमा भित्र रही  कार्यक्रम संचालन गर्नु पर्नेछ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | केन्द्रले उपलव्ध गराउने फरमेट तथा कार्यक्रम तालिका |

**८. कार्यक्रमको नामः संक्रमितहरूका लागि हुने  अवसरवादी संक्रमणको उपचारका लागि अपरझट औषधिहरु खरिद**

| | |
|---|---|
| परिचय | एचआइभी  संक्रमितलाई हुन् सक्ने अवसरवादी संक्रमणको उपचार गर्न आवश्यक भएको हुनाले प्रदेश स्तरमा यो वजेट पठाइएको हो। |
| उद्देश्य | प्रदेश मातहतका एआरटि केन्द्रहरुका लागि आवश्यक पर्ने औषधि खरिद गर्ने |
| अपेक्षित प्रतिफल | प्रदेश अन्तर्गत एचआईभी सेवा प्रदायक संस्थाहरुमा औषधि समयमै पुगेको हुनेछ। |
| सन्चालन प्रक्रिया | एचआइभी संक्रमितहरुलाइ हुनसक्ने अवसरवादी संक्रमणको उपचार गर्न प्रदेश भित्रका सम्बन्धित स्वास्थ्य संस्थाका लागि आवश्यक हुने औषधि स्वीकृत वजेटको परिधि भित्र रही प्रदेशले केन्द्र संग समन्वय गरि खरिद गर्नुपर्नेछ र खरिद भएको औषधि सम्बन्धित निकायमा समयमै प्रदेशले पठाउनु पर्नेछ। |
| बजेट वाँडफाँड / श्रोत | यो कार्यक्रमको लागि विनियोजित बजेट को परिधि भित्र रही खर्च गर्नु पर्ने छ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

## ९. कार्यक्रमको नामः  दिवस संचालन (विश्व एड्स दिवस तथा कण्डम दिवस) (१३५)

| | |
|---|---|
| परिचय | हरेक वर्ष विश्व एड्स दिवस र कण्डम दिवस मनाउने गरिन्छ । उक्त अवसरमा स्थानिय स्तरमा एचआईभी र एड्सको रोकथाम र नियन्त्रण सम्बन्धि जन चेतना जगाउने क्रियाकलापहरु संचालन गरिनेछ। |
| उद्देश्य | एचआइभी सम्बन्धि जन चेतना जगाउने र पैरवी गराउने। |
| अपेक्षित प्रतिफल | एचआइभीको अवस्था र प्रगतिको वारेमा सवैलाई जानकारी हुनेछ। |
| सन्चालन प्रक्रिया | विश्व एड्स दिवस र  कण्डम दिवसको अवसरमा एचआईभी र एड्सको रोकथाम र नियन्त्रण सम्बन्धि जन चेतना जगाउने क्रियाकलापहरु जस्तैः आईसी सामाग्रीहरुको वितरण, स्थानिय टि.भी., रेडियो तथा एफ्.एम मार्फत सन्देश प्रवाह, रेली, अन्तरक्रिया आदिको आयोजना गर्न सकिनेछ। |
| बजेट वाँडफाँड ।श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | केन्द्रको परिपत्र |

## १०.कार्यक्रमको नामः प्रदेशबाट औषधी तथा स्वास्थ्य सामग्रीको प्याकेजिँग, वितरण र ढुवानी खर्च

| | |
|---|---|
| परिचय | एचआईभी कार्यक्रम संचालन गर्न आवश्यक सामाग्रीहरुलाई प्रदेश अन्तर्गतका स्वास्थ्यसंस्थामा ढुवानी गर्नुपर्ने भएको हुदा यो कार्यक्रमको अवश्यकता परेको हो। |
| उद्देश्य | प्रदेश भित्र रहेका संस्थाहरूले एचआइभी संग सम्बन्धित औषधि, टेस्ट किट र अन्य सामाग्री ढुवानी गर्ने। |
| अपेक्षित प्रतिफल | प्रदेश भित्र रहेका विभिन्न संस्थाहरुमा आवश्यक सामाग्री ढुवानी भएको हुनेछ। |
| सन्चालन प्रक्रिया | एचआइभी कार्यक्रम अन्तर्गत प्रदेशले आफु अन्तर्गतका एचआईभी सेवा केन्द्रहरुमा  औषधि, टेस्ट किट र अन्य सामाग्री  ढुवानी प्याकेजिंग आदि को व्यवस्थापन गर्न प्रत्येक प्रदेशको लागि वजेटको व्यवस्था गरिएको छ। प्रदेशले उक्त वजेटको परिधि भित्र रही आफै वा जिल्लामार्फत वजेट खर्च गर्नु पर्नेछ। |
| बजेट वाँडफाँड / श्रोत | यो कार्यक्रमका लागि नेपाल सरकार को नियमानुसार खर्च गर्नुपर्ने छ।  यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५ |

## ११. कार्यक्रमको नामः प्रदेश स्तर बाट एचआईभी कार्यक्रमको अनुगमन तथा मुल्यांकन (१३३)

| | |
|---|---|
| परिचय | प्रदेश भित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरूले संचालन गरेको एचआइभी कार्यक्रमको अवस्था अनुगमन गर्न आवश्यक देखिएको हुदा यो कार्यक्रम तयार गरिएको हो। |
| उद्देश्य | एचआइभी कार्यक्रमको अवस्था थाहा पाउन अनुगमन गर्ने। |
| अपेक्षित प्रतिफल | कार्यक्रमको वास्तविक अवस्था के कस्तो छ भनेर जानकारी हुनेछ। |

| | |
|---|---|
| सन्चालन प्रक्रिया | राष्ट्रिय एचआईभी एड्स कार्यक्रमको प्रदेश अन्तर्गतका एचआईभी सेवा प्रदायक संस्थाहरुमा अनुगमन गराई कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने तथा कार्यक्रमको अपनत्व वृद्धि गर्न अनुगमनको लागि रकम व्यवस्था गरिएको छ। सो रकम नेपाल सरकारको दैनिक भ्रमण भत्ता नियमानुसार खर्च गर्न सकिने छ। यो रकम मन्त्रालयले आफै वा निर्देशनालय र स्वास्थ्य कार्यालय मार्फत खर्च गर्न सक्नेछ। |
| बजेट बाँडफाँड / श्रोत | यस कार्यक्रमका लागि वजेटको परिधि भित्र रही खर्च गर्नु पर्नेछ। यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | दैनिक भ्रमण भत्ता नियमावली |

**१२. कार्यक्रमको नामः यौन रोग औषधि खरिद**

| | |
|---|---|
| परिचय | यौनरोगीहरुलाई एचआइभी संक्रमण हुने सम्भावना भएकोले उनीहरूको समयमै निशुल्क यौनरोगको उपचार गर्नु आवश्यक छ। |
| उद्वेश्य | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने यौनरोगीहरुलाई निशुल्क यौनरोगको औषधि उपलव्ध गराउने। |
| अपेक्षित प्रतिफल | लक्षितवर्गले यौनरोगको औषधि निशुल्क पाउने छन्। |
| सन्चालन प्रक्रिया | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने यौनरोगीहरुलाई निशुल्क यौनरोगको औषधि उपलव्ध गराउन सम्वन्धित प्रदेशले निर्देशनालय वा आपूर्ति केन्द्र कार्यालय मार्फत स्वीकृत वजेटको परिधि भित्र रही यौनरोगको औषधि सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद गर्नु पर्नेछ। |
| बजेट बाँडफाँड / श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ |

**१३. कार्यक्रमको नामः एआरटिमा रहेका व्यक्तिको ल्याव जाच सोधभर्ना ,अस्पतालका लागि**

| | |
|---|---|
| परिचय | एचआईभी संक्रमितहरुको अवस्था लेखाजोखा गर्ने, औषधी शुरुवात पूर्व तथा औषधी सेवन गरि रहेकाहरुको स्वास्थ्य स्थितीको वारेमा आधारभुत प्रयोगशाला परिक्षण निःशुल्क प्रदान गर्ने स्वास्थ्य निकायहरुलाई सो वापतको रकम सोधभर्नाका लागि विनियोजित गरिएको छ। |
| उद्वेश्य | अस्पतालवाट दिइने ल्याव सेवा एचआइभी संक्रमितका लागि निशुल्क गराउने। |
| अपेक्षित प्रतिफल | एचआइभी संक्रमितलाई निशुल्क ल्याब जाँच सेवा दिइएको हुनेछ। |
| सन्चालन प्रक्रिया | अस्पतालहरुले एचआइभी संक्रमितलाई निःशूल्क ल्याब जाँच सेवा उपलब्ध गराए वापत अस्पतालहरुले सोध भर्नाको रुपमा रकम पाउने छन र विनियोजित बजेटको परिधि भित्र रही नेपाल सरकारको नियमाअनुसार खर्च भूक्तानी गर्न सकिने छ। यस |

| | |
|---|---|
| | वापतको रकम सम्वन्धित प्रदेशले एआरटि केन्द्रको औषधि खाने व्यक्तिहरुको संख्याका आधारमा वाँडफाँड गरि सम्बन्धित ए आर टि केन्द्रमा पठाउनु पर्नेछ। एच आइ भी संक्रमितका लागि आवश्यक ल्याब जाँचको सुची अनुसुची २ हेर्न सकिन्छ। |
| बजेट वाँडफाँड / श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५ |

**१४. कार्यक्रमको नामः रोजगार का लागि विदेश जाने व्यक्ति हरु तथा उनीहरुको परिवारको लागि टीबी तथा एचआईभीको सेवामा पहुँच बढाउने र त्यस सम्बन्धमा हुने लान्क्षना तथा भेदभाव न्यूनिकरण गराउने कार्यक्रम संचालन गर्ने**

| | |
|---|---|
| परिचय | हाल नेपालमा विदेश गएर फर्किएका नेपालीहरूमा ( खासगरि भारतमा रोजगारी गरि फर्किएका) एचआइभीको संक्रमण देखिनुका साथै उनीहरूको परिवारमा एचआइभीको संक्रमण देखीएको अवस्था छ यो अवस्थालाई न्यूनिकरण गर्न यो कार्यक्रमको अवश्यकता रहेको छ। |
| उद्देश्य | कामका लागि विदेश गएर नेपाल फर्किएका नेपालीहरूमा एचआइभीको जांच गरि उनीहरूका परिवारका सदस्यलाइ एचआइभीको संक्रमण हुनवाट वचाउने। |
| अपेक्षित प्रतिफल | कामका लागि विदेश गएर नेपाल फर्किएका नेपालीहरू तथा उनका परिवारमा एचआइभी संक्रमणको प्रिभ्यालेन्स घटेको हुनेछ। |
| सन्चालन प्रक्रिया | कामका लागि विदेश गएर फर्किएका नेपालीहरूमा एचआइभी संक्रमण हुन नदिन यो कार्यक्रम विधमान स्वास्थ्य सरकारी संयन्त्र वा यस क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था छनोट गरि उक्त संस्था मार्फत प्रदेश भित्र यो कार्यक्रम संचालन गरिने छ। गैर सरकारी संस्था छनोट गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार परामर्श सेवा खरिद गर्नु पर्नेछ। यस कार्यक्रम कार्यन्वयन लागि प्राथमिकमा परेको जिल्लाहरुको प्राथमिकीकरण सहितको सुची अनुसुची-३ अनुसार छन्। साथै कामका लागि विदेशिने कामदारहरु तथा तिनका परिवारमा एचआईभी को कम्प्रिहेंसिव कार्यक्रम भित्र पर्ने न्युनतम सेवाको प्याकेज अनुसुची-४ अनुसारका छन्। सरकारी वा गैर सरकारी सस्थाले सो प्याकेजमा आप्रबासी कामदारका लागि एचआइभी तथा टिबिको सेवा लिनमा आइपर्ने मानव अधिकार सम्बधित बाधा व्यवधान तथा लान्छना र भेदभाव न्यूनीकरण गर्ने गतिविधिहरु संचालन गर्नु पर्नेछ। |
| बजेट वाँडफाँड / श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

## १५. कार्यक्रमको नामः कैदी बन्दीहरुलाई टीबी तथा एचआईभीको सेवा मा पहुँच बढाउने र त्यस सम्बन्धमा हुने लान्क्षना तथा भेदभाव न्यूनिकरण गराउने कार्याक्रम संचालन गर्ने।

| | |
|---|---|
| परिचय | कैदीबन्दीहरूमा एचआइभीको संक्रमणको रोकथाम वा एचआइभीको संक्रमण भएर पनि थाहा नपाएकाहरुका लागि यो कार्यक्रम संचालन गरिने छ। |
| उद्देश्य | एचआइभीको रोकथाम, परिक्षण र संक्रमितहरूलाई उपचार गर्ने। |
| अपेक्षित प्रतिफल | एचआइभीको रोकथाम भई संक्रमितहरूले समयमै उपचार पाउने छन् र उनीहरूको आयू बढ्नेछ। |
| सन्चालन प्रक्रिया | प्रदेश अन्तर्गत सरकारी स्वास्थ्य संस्था मार्फत अथवा स्थानीय गैर सरकारी संस्था छनोट गरि उक्त संस्था मार्फत प्रदेशमा रहेका जेलहरूमा यो कार्यक्रम संचालन गरिने छ। सरकारी वा गैर सरकारी सस्थाले सो प्याकेजमा कैदीबन्दीका लागि एचआइभी तथा टिबिको सेवा लिनमा आइपर्ने मानव अधिकार सम्बधित बाधा व्यवधान तथा लान्छना र भेदभाव न्यूनीकरण गर्ने गतिविधिहरु संचालन गर्नु पर्नेछ। आवश्यक परेको खण्डमा प्रदेशले केन्द्रसंग समन्वय गर्न सक्नेछ। कार्यक्रम कार्यन्वयन लागि जिल्ला छनौट गर्दा धेरै संख्यामा कैदीहरु भएको जिल्ला छनौट गर्नु पर्नेछ। |
| बजेट वाँडफाँड / श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

## १६. कार्यक्रमको नामः स्वास्थ्यकर्मीलाइ एचआइभी टिवी मानव अधिकार मेडिकल इथिक्स सम्वन्धमा तालिम

| | |
|---|---|
| परिचय | स्वास्थ्यकर्मीलाई एचआइभी टिवी आदि स्वास्थ्य समस्यासंग सम्बन्धित रही मानव अधिकार र मेडिकल इथिक्स सम्वन्धमा तालिम प्रदान गर्न आवश्यक छ। |
| उद्देश्य | स्वास्थ्यकर्मीलाई एचआइभी टिवी आदि स्वास्थ्य समस्यासंग सम्बन्धित रही मानव अधिकार र मेडिकल इथिक्स सम्वन्धमा जानकारी भई सेवामा प्रभावकारिता बढाउने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीलाई एचआइभी टिवी आदि स्वास्थ्य समस्यासंग सम्बन्धित रही मानव अधिकार र मेडिकल इथिक्स सम्वन्धमा जानकारी भई सेवामा हुने लान्छना तथा भेदभाव न्यून हुनेछ। |
| सन्चालन प्रक्रिया | स्वास्थ्यकर्मीहरुका लागि ३ दिने तालिमको व्यवस्था गरिएको छ। केन्द्रसंग समन्वय गरि कार्यक्रम संचालन गर्न सकिनेछ। यस कार्यक्रमलाई आवश्यकता अनुसार समय थपघट गर्न सकिनेछ। |
| बजेट वाँडफाँड / श्रोत | वजेट नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ। यो कार्यक्रम ससर्त अनुदानतर्फ रहेको छ। |

| | |
|---|---|
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५, केन्द्रबाट प्रदान गरिएको र स्थानीय सन्दर्भ सामाग्री |

**१७. कार्यक्रमको नामः एचआईभी तथा टीबी सम्बन्धि नियम र कानुनहरु को बारेमा जनचेतना मुलक सामग्री प्रकाशन गर्ने।**

| | |
|---|---|
| परिचय | एचआईभी तथा टीबी सम्बन्धि नियम र कानुनहरुको बारेमा जन चेतना जगाउने क्रियाकलापहरु संचालनका लागि आवश्यक सामग्री प्रकाशन गरिनेछ। |
| उद्देश्य | एचआइभी तथा टीबी सम्बन्धि नियम र कानुनहरुको बारेमा जन चेतना जगाउने र पैरवी गराउनु हो। |
| अपेक्षित प्रतिफल | एचआइभी तथा टीबी सम्बन्धि नियम र कानुनहरुको बारेमा सरोकारवाला र सर्वसाधारणहरुलाई जानकारी हुनेछ। |
| सन्चालन प्रक्रिया | एचआइभी तथा टीबी सम्बन्धि नियम र कानुनहरुको बारेमा जन चेतना जगाउन आईसी सामाग्रीहरु बनाई विभिन्न माध्यमबाट प्रचारप्रसार गर्ने । यो कार्यक्रम विनियोजित बजेटको परिधिभित्र रही खर्च गर्नु पर्नेछ। |
| बजेट बाँडफाँड।श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५ |

**१८. कार्यक्रमको नामः पाठ्यक्रम विकास केन्द्र संग समन्वय गरि बिधालय शिक्षा को पाठ्यक्रममा एचआईभी तथा टीबी सम्बन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्ने तथा घटाउने बिषयहरु समावेश गर्ने ।**

| | |
|---|---|
| परिचय | विधालय शिक्षा देखिनै एचआइभी तथा टिवी जस्ता स्वास्थ्य समस्याको वारेमा विधार्थीहरुलाई ज्ञान दिई यस प्रति विकास हुन सक्ने नकारात्मक धारणाहरुलाई न्यूनीकरण गर्ने तथा एचआईभी तथा टीबी सम्बन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्ने तथा घटाउने सम्बन्धि जानकारी बिधालय शिक्षा मै समावेश गर्न आवश्यक छ। |
| उद्देश्य | एचआईभी तथा टीबी सम्बन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्ने तथा न्यूनीकरण गर्ने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रलाई दिनुपर्ने राय सुझाव संकलन गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| अपेक्षित प्रतिफल | एचआइभी तथा टिवी जस्ता रोग प्रति हुने नकारात्मक धारणाहरुलाई न्यूनीकरण गर्ने। |

| | |
|---|---|
| सन्चालन प्रक्रिया | । यस अन्तर्गत सामाजिक विकास मन्त्रालयले आफै वा मातहतको निर्देशनालय मार्फत एक (१) दिने गोष्ठिको लागि बजेटको व्यवस्था गरिएको छ । सहभागिहरु प्रदेश अन्तर्गतका एच.आइ.भी र टिवीमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरु, मानव अधिकारकर्मी र शिक्षाविद वा पाठ्यक्रमविद एच.आइ.भी संक्रमित तथा अन्य जोखिम समुदायको नेटवर्क प्रतिनिधिहरु हुनेछ । यो एक दिने गोष्ठि नेपाल सरकारको नियमानुसार गर्नु पर्ने छ । |
| बजेट वाँडफाँड ।श्रोत | विनियोजित वजेट नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ । यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ । |
| सन्दर्भ सामाग्री | लांछना तथा भेदभाव टुलकिट, माध्यमिक तहको सान्दर्भिक विषयको पाठ्यक्रम |

**१९. कार्यक्रमको नामः पाठ्यक्रम विकास केन्द्र संग समन्वय गरि स्वास्थ्य शिक्षामा एचआईभी तथा टीबी सम्बन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्न तथा घटाउन समावेश गर्ने ।**

| | |
|---|---|
| परिचय | स्वास्थ्यकर्मीहरुको प्रारम्भिक पाठ्यक्रममा नै एचआइभी, टिवी जस्ता स्वास्थ्य समस्या सम्वन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्ने तथा घटाउने विषयहरु समावेश गरी बिभिन्न तहका स्वास्थ्यकर्मीहरुलाई यसबारेमा जानकारी गराउन आवश्यक छ । |
| उद्देश्य | एचआइभी तथा टिवी जस्ता स्वास्थ्य समस्या भेदभाव, अवहेलना तथा हिंसा रोक्ने तथा घटाउने बिषयमा जानकारी गराई भविष्यमा स्वास्थ्य सेवा प्रदान गर्दा कुनै किसिमको भेदभाव, अवहेलना विना सेवा प्रदान गर्न सक्षम हुनका लागि पाठ्यक्रममा समावेश गर्न आवश्यक सुझाव संकलन गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुबाट एचआइभी, टिवी जस्ता स्वास्थ्य समस्या सम्वन्धि कुनै किसिमको भेदभाव, अवहेलना विना संक्रमितहरुले सेवा प्राप्त गर्नेछन् । |
| सन्चालन प्रक्रिया | यस अन्तर्गत सामाजिक विकास मन्त्रालय आफै वा मातहतको निर्देशनालय मार्फत एक (१) दिने गोष्ठिको लागि बजेटको व्यवस्था गरिएको छ । प्रदेश अन्तर्गतका एचआइभी र टिवीमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरु, मानव अधिकारकर्मी , शिक्षाविद , पाठ्यक्रम विद, एचआइभी संक्रमित तथा अन्य जोखिम रहेको समुदायको नेटवर्क प्रतिनिधिहरु हुनेछ । विनियोजित बजेट भित्र रही संख्या निर्धारण गरि कार्यक्रम संचालन गर्नुपर्ने छ । |
| बजेट वाँडफाँड / श्रोत | विनियोजित वजेट नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ । यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ । |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका २०७५, लान्छना तथा भेदभाव टुलकिट, स्वास्थ्य शिक्षाका सान्दर्भिक विषयको पाठ्यक्रम । |

**२०. कार्यक्रमको नामः एम. टि. ओ. टि. सम्बन्धि सामग्री बनाई  सेवारत कर्मचारीहरुलाई टीबी एचआईभी र एचआईभी का लागि उच्च जोखिममा रहेका ब्यक्ति प्रति हुने लान्छ्ना र भेदभाव न्यूनीकरण गर्न तथा स्वास्थ्य नैतिकता सम्बन्धि जानकारी गराउनु को निमित तालिम  संचालन गर्ने ।**

| | |
|---|---|
| परिचय | सेवारत कर्मचारीहरुलाई टीबी एचआईभी र एचआईभी का लागि उच्च जोखिममा रहेका ब्यक्ति प्रति हुने लान्छना र भेदभाव न्यूनीकरण गर्न  तथा स्वास्थ्य नैतिकता सम्बन्धि जानकारी गराउनुको निम्ति यो तालिमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुलाई टिवी र एचआइभी सँग जोडिएका उच्च जोखिममा रहेका व्यक्तिहरु प्रति लांछना तथा भेदभावको विषयहरुमा र स्वास्थ्य नैतिकताको विषयमा अझ बढि संवेदनशिल बनाउनका लागि जिल्ला स्तरमा तालिम संचालन गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुबाट टिवी र एचआइभीसँग जोडिएका उच्च जोखिममा रहेका व्यक्तिहरु प्रति लांछना तथा भेदभाव को न्यूनीकरण हुनेछन्। |
| सन्चालन प्रक्रिया | सेवारत कर्मचारीहरुलाई टीबी एचआईभी र एचआईभीका लागि उच्च जोखिममा रहेका ब्यक्ति प्रति हुने लान्छना र भेदभाव न्यूनीकरण गर्न तथा स्वास्थ्य नैतिकता सम्बन्धि जानकारी गराउनुको लागि स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि ३ दिने तालिमको व्यवस्था गरिएको छ साथै वजेटको परिधि भित्र रही कार्यक्रम संचालन गर्नु पर्नेछ। केन्द्रसंग समन्वय गरि कार्यक्रम संचालन गर्न सकिनेछ। यसलाई प्रदेश स्तरमा समय मिलाई थप घट गर्न सकिने छ। |
| बजेट वाँडफाँड / श्रोत | विनियोजित वजेट नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ।  यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | कार्य संचालन निर्देशिका,२०७५, तालिमको विषयहरु र समय तालिका सहित पावर प्वाइन्ट प्रेजेन्टेसन |

**२१. कार्यक्रमको नामः स्वास्थ्य कर्मचारीहरुको पिलएचएचआईभी, टीबी र उच्च जोखिममा रहेको समुहहरु प्रतिको ज्ञान, दृस्टी कोण र अभ्यासको अवस्थाको मूल्यांकन गर्ने / वा स्वास्थ्यकर्मीहरु तथा  त्यस्ता समुहहरु लाई सेवा दिदाका चुनौतिहरु र समाधानहरु पता लगाउनलाई सहयोग गर्ने**

| | |
|---|---|
| परिचय | उच्च जोखिममा रहेको समुहप्रतिको ज्ञान, दृष्टिकोण र अभ्यासको अवस्थाको मुल्यांकन गर्ने वा स्वास्थ्यकर्मीहरु तथा त्यस्ता समुहहरुलाई सेवा दिदाका चुनौतिहरु र समाधानहरु पत्ता लगाउन आवश्यक छ। |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुको एचआइभी संक्रमित तथा क्षयरोगीहरुलाई सेवा दिदाका चुनौती र समाधानहरु पत्ता लगाउन र स्वास्थ्यकर्मीहरुको एचआइभी संक्रमित तथा क्षयरोगी तथा जोखिममा रहेका समुहहरुप्रतिको ज्ञान, दृष्टिकोण र अभ्यासको अवस्थाको द्रुत लेखाजोखा गरि सेवाको प्रभावकारिता बढाउने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | एचआइभी संक्रमित तथा क्षयरोगी तथा जोखिममा रहेका समुहहरुप्रतिको ज्ञान, दृष्टिकोण र अभ्यासको अवस्था तथा यसका चुनौतिहरु समाधानका उपायहरु पहिचान गरि प्रतिवेदन तयार पार्ने। |
| सन्चालन प्रक्रिया | सामाजिक विकास मन्त्रालय वा मातहतको निर्देशनालयले विज्ञको परामर्श सेवा खरिद गरी यो कार्यक्रम सम्पन्न गरी सो को प्रतिवेदन एक प्रति राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रलाई समेत बुझाउनु पर्ने छ। आवश्यक परेको खण्डमा प्रदेशले केन्द्रसंग समन्वय गरि विज्ञ छनोट गर्न सक्नेछ। |
| बजेट बाँडफाँड।श्रोत | विनियोजित वजेटको परिधिभित्र रही नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

## २२. कार्यक्रमको नामः पौस्टिक आहार खरिद

| | |
|---|---|
| परिचय | एचआइभी संक्रमित महिला तथा बच्चाहरुको पोषणको अवस्थालाई सुधार गर्नको लाई यो कार्यक्रम गर्न आवश्यक छ। |
| उद्धेश्य | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा उपचार सेवामा रहेका एचआइभी संक्रमित महिला तथा बच्चाहरुको पोषणको अवस्थालाई सुधार गर्ने यस कार्यक्रमको उद्धेश्य हो। |
| अपेक्षित प्रतिफल | लक्षित वर्गले पौस्टिक आहार निशुल्क पाउने छन। |
| सन्चालन प्रक्रिया | प्रदेश अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा उपचार सेवामा रहेका एचआइभी संक्रमित महिला तथा बच्चाहरुको पोषणको अवस्थालाई सुधार गराउन सम्वन्धित प्रदेशले निर्देशनालय वा आपूर्ति केन्द्र कार्यालय मार्फत स्वीकृत वजेटको परिधि भित्र रही पौस्टिक आहार खरिद गरिने छ। |
| बजेट बाँडफाँड।श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

**२३. कार्यक्रमको नामः जनपद पुलिस तथा सशस्त्र पुलिस संग समन्वय गरि एचआईभी तथा टीबी सम्बन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्न तथा घटाउन तालिम गर्ने ।**

| | |
|---|---|
| परिचय | एचआईभी तथा टीबी सम्बन्धि भेदभाव, अवहेलना तथा हिंसा रोक्न तथा घटाउन को निमित तथा उनीहरु बाट हुने यस क्षेत्रमा मा हुने सहयोग को बारेमा जानकारी गराउने र लिने। |
| उद्धेश्य | एचआइभी को जोखिममा रहेका समुदाय र उनिहरुको आवश्यकता सम्बन्धि कुराहरु र त्यसमा प्रहरी प्रशासन बाट हुन सक्ने सहयोगको क्षेत्रलाई समेटेर जनपद पुलिस र सशस्त्र पुलिसहरुलाई यस सम्बन्धि संवेदनशील बनाउने उद्धेश्यले यस कार्यक्रमको व्यवस्था गरिएको छ। |
| अपेक्षित प्रतिफल | एचआईभी तथा टीबी सम्बन्धि हुने भेदभाव, अवहेलनाको न्यूनीकरण तथा हिंसा रोक्न। |
| सन्चालन प्रक्रिया | सामाजिक विकास मन्त्रालय वा मातहतको निर्देशनालय मार्फत यो तालिम संचालन गर्नु पर्ने हुन्छ । र यो तालिम दुई दिनको हुनेछ। यस तालिममा प्रदेश स्थित जनपद तथा सशस्त्र प्रहरीका उच्च पदस्थ कर्मचारीहरु तथा एचआईभीको जोखिममा रहेको सहुदायहरुको जनधनका तुलनात्मक रुपमा बढि भएको क्षेत्रका प्रहरी प्रमुखहरु सहभागी हुनेछ। विनियोजित बजेटको आधारमा तालिम संख्या निर्धारण गर्नु पर्नेछ। |
| बजेट वाँडफाँड / श्रोत | विनियोजित वजेटको परिधिभित्र रही नेपाल सरकारको नियमानुसार खर्च गर्नु पर्नेछ । यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ । |
| सन्दर्भ सामाग्री | दुई दिने कार्यक्रमको तालिका प्रस्तुतीकरणका स्लाइडहरु तथा सन्दर्भ सामाग्रीहरु स्थानीय आवस्यकता अनुसार थप घट गर्न सकिने छ। कार्य संचालन निर्देशिका २०७५ |

**२४. कार्यक्रमको नामः औषधि तथा अन्य सामाग्री खरिद योजना ।**

| | |
|---|---|
| परिचय | प्रदेश तहमा एचआइभी कार्यक्रम स्तरीय रुपमा संचालन गर्नको लागि औषधि तथा अन्य सामग्री अत्यावश्यक हुन्छ। औषधि तथा अन्य कार्यक्रमका ( लक्षित समूह सम्बन्धि कार्यक्रम) चाहिने सामग्री खरिद योजना भएमा समयमै एचआइभी कार्यक्रमलाई अति आवश्यक औषधि तथा अन्य सामग्री खरिद गरि वितरण/ कार्यक्रम संचालन गर्न सकिनेछ। |
| उद्धेश्य | प्रदेश तहमा एचआइभी कार्यक्रम स्तरीय रुपमा संचालन गर्नकोलागि आवश्यक औषधि तथा अन्य सामग्री खरिद गर्नको लागि सबै सरोकारवालाहरु संग मिलेर आवश्यक खरिद योजना तर्जुमा गर्ने। |
| अपेक्षित प्रतिफल | औषधि तथा अन्य सामाग्री खरिद योजना तयार हुनेछ। |

| | |
|---|---|
| सन्चालन प्रक्रिया | यस अन्तर्गत सामाजिक विकास मन्त्रालय आफै वा मातहतको कार्यालय मार्फत योजना तर्जुमा कार्यशाला लागि बजेटको व्यवस्था गरिएको छ । यस कार्यशालामा प्रदेश अन्तर्गतका सरोकारवालाहरु र विज्ञहरु तथा NCASC को प्रतिनिधिको सहभागिता हुन सक्नेछ। विनियोजित बजेट भित्र रही संख्या निर्धारण गरि कार्यक्रम संचालन गर्नु पर्ने छ। |
| बजेट वाँडफाँड / श्रोत | यो कार्यक्रम ससर्त अनुदान तर्फ रहेको छ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ |

**नोट -: नेपाल सरकार, ग्लोबल फण्ड तथा सेभ द चिल्ड्रेन बीच जेफम्याट स्रोत अन्तर्गतका कार्यक्रमलाई प्रभाबकारी रूपमा संचालन गर्नको लागि गरिएको त्रीपक्षिय सम्झौता बमोजिम बस्तु तथा सेवामा लाग्ने मुल्य अभिबृद्धि कर (१३%) नेपाल सरकारमार्फत दातृ निकायलाई सोधभर्ना गरिने ब्यबस्था भए अनुरुप नियम बमोजिम गरिने सम्पूर्ण खर्चहरुमा आउने मुल्य अभिबृद्धि कर छुट्टै लेखा राख्नुपर्ने छ र सो मुल्य अभिबृद्धि करको रकम केन्द्रलाई आर्थिक प्रतिबेदन पठाउदा सो रकम छुट्याएर देखाउन कार्यालयको पत्र मार्फत केन्द्रलाई जानकारी गराउनु पर्ने छ।**

**अनुसुची-१**

**प्रदेश अन्तरर्गत पर्ने एआरटी, ओ स टि तथा अन्य कार्यक्रमहरु**

| सि.नं. | सेवा प्रदान गर्ने सस्थाको नाम | कार्यक्रम | प्रदेशको नामावली |
|---|---|---|---|
| १ | जिल्ला अस्पताल इलाम | ए आर टी | प्रदेश-१ |
| २ | मेची अञ्चल अस्पताल | ओ. एस. टी. तथा ए आर टी | प्रदेश-१ |
| ३ | जिल्ला अस्पताल ओखलढुङ्गा | ए आर टी | प्रदेश-१ |
| ४ | जिल्ला अस्पताल संखुवासभा | ए आर टी | प्रदेश-१ |
| ५ | इनरुवा अस्पताल | ए आर टी | प्रदेश-१ |
| ६ | जिल्ला अस्पताल धनकुटा | ए आर टी | प्रदेश-१ |
| ७ | जिल्ला अस्पताल उदयपुर | ए आर टी | प्रदेश-१ |
| ८ | जिल्ला अस्पताल बारा | ए आर टी | प्रदेश-२ |
| ९ | जनकपुर अञ्चल अस्पताल | ए आर टी | प्रदेश-२ |
| १० | जिल्ला अस्पताल जलेश्वर | ए आर टी | प्रदेश-२ |
| ११ | जिल्ला अस्पताल रौतहट | ए आर टी | प्रदेश-२ |
| १२ | सगरमाथा अञ्चल अस्पताल | ए आर टी | प्रदेश-२ |
| १३ | जिल्ला अस्पताल सर्लाही | ए आर टी | प्रदेश-२ |

| | | | |
|---|---|---|---|
| १४ | लहान अस्पताल | ए आर टी | प्रदेश-२ |
| १५ | जिल्ला अस्पताल भक्तपुर | ए आर टी | प्रदेश-३ |
| १६ | धुलिखेल अस्पताल | ए आर टी | प्रदेश-३ |
| १७ | जिल्ला अस्पताल मकवानपुर | ए आर टी | प्रदेश-३ |
| १८ | त्रिशुली अस्पताल | ए आर टी | प्रदेश-३ |
| १९ | जिल्ला अस्पताल सिन्धुली | ए आर टी | प्रदेश-३ |
| २० | जिल्ला अस्पताल धादिङ्ग | ए आर टी | प्रदेश-३ |
| २१ | जिल्ला अस्पताल सिन्धुपाल्चोक | ए आर टी | प्रदेश-३ |
| २२ | धौलागिरी अञ्चल अस्पताल | ए आर टी | गण्डकी प्रदेश |
| २३ | जिल्ला अस्पताल गोरखा | ए आर टी | गण्डकी प्रदेश |
| २४ | जिल्ला अस्पताल पर्वत | ए आर टी | गण्डकी प्रदेश |
| २५ | लमजुङ सामुदायिक अस्पताल | ए आर टी | गण्डकी प्रदेश |
| २६ | जिल्ला अस्पताल म्याग्दी | ए आर टी | गण्डकी प्रदेश |
| २७ | जिल्ला अस्पताल स्याङ्गजा | ए आर टी | गण्डकी प्रदेश |
| २८ | दमौली अस्पताल | ए आर टी | गण्डकी प्रदेश |
| २९ | जिल्ला अस्पताल अर्घाखाँची | ए आर टी | प्रदेश-५ |
| ३० | जिल्ला अस्पताल बर्दिया | ए आर टी | प्रदेश-५ |
| ३१ | जिल्ला अस्पताल गुल्मी | ए आर टी | प्रदेश-५ |
| ३२ | जिल्ला अस्पताल कपिलवस्तु | ए आर टी | प्रदेश-५ |
| ३३ | जिल्ला अस्पताल नवलपरासी | ए आर टी | प्रदेश-५ |
| ३४ | युनाइटेड मिशन अस्पताल तानसेन | ए आर टी | प्रदेश-५ |
| ३५ | जिल्ला अस्पताल प्यूठान | ए आर टी | प्रदेश-५ |
| ३६ | जिल्ला अस्पताल रोल्पा | ए आर टी | प्रदेश-५ |
| ३७ | भीम अस्पताल | ए आर टी | प्रदेश-५ |
| ३८ | लुम्बिनी अञ्चल अस्पताल | ओ. एस. टी. तथा ए आर टी | प्रदेश-५ |
| ३९ | राप्ति अञ्चल अस्पताल | ए आर टी | प्रदेश-५ |
| ४० | जिल्ला अस्पताल दैलेख | ए आर टी | कर्णाली प्रदेश |
| ४१ | जिल्ला अस्पताल कालिकोट | ए आर टी | कर्णाली प्रदेश |
| ४२ | जिल्ला अस्पताल रूकुम | ए आर टी | कर्णाली प्रदेश |
| ४३ | जिल्ला अस्पताल सल्यान | ए आर टी | कर्णाली प्रदेश |
| ४४ | मध्य पच्छिमी क्षेत्रीय अस्पताल सुर्खेत | ए आर टी | कर्णाली प्रदेश |

| | | | |
|---|---|---|---|
| ४५ | जिल्ला अस्पताल आछाम | ए आर टी | सु.प. प्रदेश |
| ४६ | वयलपाटा अस्पताल | ए आर टी | सु.प. प्रदेश |
| ४७ | जिल्ला अस्पताल बैतडी | ए आर टी | सु.प. प्रदेश |
| ४८ | जिल्ला अस्पताल बझाङ्ग | ए आर टी | सु.प. प्रदेश |
| ४९ | जिल्ला अस्पताल बाजुरा | ए आर टी | सु.प. प्रदेश |
| ५० | सेती अञ्चल अस्पताल | ए आर टी तथा सेन्टर फोर एक्सेलेन्स | सु.प. प्रदेश |
| ५१ | टिकापुर अस्पताल | ए आर टी | सु.प. प्रदेश |
| ५२ | माहाकाली अञ्चल अस्पताल | ए आर टी | सु.प. प्रदेश |
| ५३ | मालाखेति अस्पताल | ए आर टी | सु.प. प्रदेश |
| ५४ | जिल्ला अस्पताल दार्चुला | ए आर टी | सु.प. प्रदेश |
| ५५ | जिल्ला अस्पताल डोटी | ए आर टी | सु.प. प्रदेश |

## अनुसुची-२

## एच आइ भी संक्रमितका लागि आवश्यक ल्याब जाँचको सुची

**Baseline Tests: Essential tests for all patients registering in HIV care**

- TC, DC, ESR, Hb Platelets
- ALT/SGPT - If needed LFT (Liver function test)
- Blood Urea, Serum creatinine, If needed, kidney function test (Electrolytes – sodium, potassium)
- Blood sugar level
- VDRL
- Hepatitis B and Hepatitis C
- Urine analysis to assess for proteinuria
- Urine pregnancy test as indicated in female
- Sputum for AFB tested by Gene Xpert, Microscopy, Chest X ray,
- CD4 cell count not for initiation of ART. Necessary, however, to know baseline and future prognostic value and diagnosis of treatment success or failure
- For women, cervical pap smear or other method of cervical cancer screening, if available.

**Additional tests at baseline as per the physician's decision depending on clinical presentation**

- USG abdomen,
- CSF analysis, etc.
- Any other test required to rule out OIs
- Fundus examination in those with low CD count

**NON-AVAILABILITY OF ANY OF THESE TESTS SHOULD NOT DELAY THE INTIATION OF ART**

**Tests for monitoring patients on ART (follow-up tests)**

For all patients on ART: do CD4, Hb, TLC, DLC, ALT (SGPT)

For those on TDF-based regimen: Creatinine/creatinine clearance, at baseline, 4 weeks, 6 weeks and every 6 months or earlier if required.

For those on AZT-based regimen: Hb at 15 days, then every month for initial 3 months, 6 months and then every 6 months as and when indicated.

For those on NVP-based regimen: ALT (SGPT) at 15 days, 1 month and then every 6 months. For those on EFV-based regimen: lipid profile should also be done yearly, if available.

For those on ATV-based regimen: LFT to be done at 15 days, 1 month, 3 month, 6 months and then every 6 months. Blood sugar and Lipid profile every 6 months for patients on PI-based regimen.

Any other can be done earlier based on clinician's assessment/discretion and as per availability.

It is preferable/desirable to monitor patients with viral load at 6 and 12 months after initiation of ART and then at every 12 months. For stable patients with virological suppression, frequency of CD4 can be reduced. Till the time viral load facility is available for all patients, CD4 count every six months should be done. For ART centres without CD4 machine, efforts should be made to transport the samples and not send patients to sites with CD4 facility. CD4 test is required for Cotrimoxazole Preventive Therapy (CPT) initiation/stopping CPT and for primary and secondary prophylaxis for some OIs.

## अनुसुची-३

## रोजगार का लागि विदेश जाने व्यक्ति हरु तथा उनीहरुको परिवारको लागि टीबी तथा एचआईभीको सेवामा पहुँच बढाउने र त्यस  सम्बन्धमा हुने लान्क्षना तथा भेदभाव न्यूनिकरण गराउने कार्याक्रम कार्यानवयनका लागि प्राथमिकतामा परेको जिल्लाहरुको प्राथमिकीकरण सहितको सुची

### लक्षित समुहको परिभाषा :

**रोजगार का लागि विदेश जाने व्यक्ति हरु:** Men aged between 18 to 49 years who have gone to India or any country of the Middle East or any south east Asian countries for work for at least three months and have returned home within the last three years.

### रोजगार का लागि विदेश जाने व्यक्तिका परिवार:

Women aged 16 years and above who are current wives or widows of male, who had migrated to India or any country of Middle East or any south east Asian countries for work for at least three months in the last three years and have returned home at least once within the last three years

**प्राथमिकतामा परेका जिल्लाहरु :** Jhapa, Morang, Sunsari, Mahottarai, Dhanusa, Sarlahi, Chitwan, Dhadhing, Syangja, Baglung, Tanahu, Gorkha, Parbat, Kaski, Lamjung, Gulmi, Arghakhanchi, Nawalparasi, Pyuthan, Rupendehi, Palpa, Bardiya, Dang, Kapilbastu, Banke, Rolpa, Rukum, Surkhet, Dailekh, Kailali, Kanchanpur, Acham, Doti, Baitadi, Bajhang, Dadeldhura, Bajura, Darchula

## अनुसुची-४

## एचआईभी को कम्प्रिहेंसिव कार्यक्रम भित्र पर्ने न्युनतम सेवाको प्याकेज

**Implement behaviour change communication interventions at source and transit points to increase safer sex through an outreach program**.

- Develop a pre-departure orientation program to meet health and safety needs of migrants and potential migrants.
- Hire and train outreach workers. Include returning/returned migrants, spouses of migrants and PLHIV with a minimum qualification and experience.
- Train outreach workers to build skills of migrants in proper condom use and disposal, HIV awareness, STI & HTC knowledge and recognition skills.
- The materials and activities should include education on condom and skills, sexual health and STIs and HTC. Educational and skills building material should be adopted for BCC.
- Develop mobile information booths for use at or near bus stations in special occasions
- Review and revise strategies and activities based on project implementation experience, behavioural surveillance results and in light of issues raised during review.

**Provide HIV Testing (HTC) services**

- Provide HTC services to migrants and their spouses through community-based testing /or mobile clinics.

- Sensitize staff at nearby government HTC centres towards the needs of migrants and their spouses
- Ensure enrolment of HIV positive cases to ARV treatment centres

**Provide condom and skills in use and negotiation**

- Ensure that condoms easily available in the project area
- Promote condom use through free distribution of condoms through condom outlets, outreach workers, static and mobile STI/HTC clinics.
- Provide skills in condom use and disposal through outreach workers and include in materials developed for behaviour change intervention
- Review and revise condom education and distribution activities based on project experience and behavioural surveillance results

**Promote an enabling environment to reduce stigma and support program implementation**

- Identify potential groups or individuals who could hinder progress of project. Develop a plan to promote a more positive environment for HIV prevention activities among migrants and their spouses specifically tackling stigma.
- Undertake advocacy and educational activities to improve understanding of local police officials and other community members towards the importance of working with migrants for HIV prevention.
- Include anti-stigma messages in media campaigns

**HIV awareness and publicity to migrants going to abroad via Kathmandu international airport**

- Develop a pre-departure orientation program to meet health and safety needs of abroad migrants
- Mobilize outreach workers to orient abroad migrant in Tribhuvan international airport
- Develop/update/revise the HIV component in the orientation package by collaborating with concerned department of GoN
- Educational and skills building materials to abroad migrants adopted for BCC.
- Develop mobile information booths for use at International Airport.